परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ०६ पृष्ठ ४ २०८२ कार्तिक १० गते, सोमबार 27 October, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## ‘मुलुकको हितका लागि सबैले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ’




● सुधा देव

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउतले देश अहिले गम्भीर अवस्थामा रहेकोले अहिले मुलुकको हितको लागि सबैले आआफ्ना ठाउँबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्न आवश्यक रहेको बताउनुभएको छ ।

प्रेस जनमत सङ्घद्वारा राजविराजमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा अध्यक्ष राउतले यस्तो बताउनुभएको हो । उहाँले भन्नुभयो, अहिले देश गम्भीर अवस्थामा छ देशलाई निकास दिन देशका हरेक सचेत नागरिकले जिम्मेवार भएर अघि सर्नुपर्ने आवश्यक छ । संविधान संशोधन गरेर निर्वाचन गरे मात्र नयाँ परिवर्तनको कल्पना गर्न सकिने भए पनि यस्तै अवस्थामा निर्वाचन भयो भने राज्यको सत्ता यथावत् अवस्था रहने सम्भावना बढी रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “जनताको बलिदानीबाट आएको संविधान र सङ्घीयतामा कुनै पनि अवस्थामा प्रहार गर्नुहुँदैन । संविधानमा भएको कमीकमजोरी त्रुटि सच्याउन आवश्यक छ तर खारेज गर्नुहुँदैन ।“

जेनजी आन्दोलन जनताको राज्य सत्ता प्रतिको आक्रोशको परिणाम भए पनि यस आन्दोलनबाट राष्ट्रले ठूलो क्षति व्यहोर्नुपरेको छ । अहिलेको अवस्थामा विशेषगरी युवालाई मार्गदर्शन गर्नुपर्ने अहिलेको प्रमुख जिम्मेवारी भएको उहाँले बताउनुभयो ।

देशमा एक समुदायले अर्को समुदायमा द्वन्द्व गर्ने, एक अर्कामाथि प्रहार गर्ने जस्ता विकृति देशमा बढ्दै गएकोले यस्ता गतिविधिहरूप्रति सधैं सचेत भएर अघि बढ्नुपर्ने उहाँको भनाइ छ ।

“हाम्रो देशको सरकार पटक पटक ढल्नुको मुख्य कारण वैदेशिक प्रभाव हो । यहाँको सरकार कमजोर भएकोले वैदेशिक प्रभावमा सरकार ढल्दै आएको बताउनुभयो । सरकार दिगो नभएसम्म देशको विकास द्रुत गतिमा हुने सम्भावना कम भएको छ“, उहाँले भन्नुभयो।

उहाँले भन्नुभयो, “आगामी हाम्रो पार्टीको योजना स्वायत्तको रहेको जानकारी दिदै उहाँले भन्नुभयो , प्रदेशको आफ्नै प्रहरी र आफ्नो अधिकार हुनुपर्छ ।“कार्यक्रममा जनमतको संसदीय दलको नेता महेश यादव सङ्गठन विभागको संयोजक जयकान्त राउत,जनमत पार्टीको जिल्ला अध्यक्ष रामगमन साह लगायतको उपस्थिति थियो ।

प्रेस जनमत सङ्घको केन्द्रीय संयोजक अवधेश झाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रेस जनमत सङ्घका जिल्ला अध्यक्ष रूपेश यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर छठ पर्व मनाइँदै



● टक नपाल

कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको महत्वपूर्ण पर्व ‘छठ’ शनिबारदेखि सुरु भएको छ। बिहानै स्नान गरी शुद्ध भई दिनभर निर्जल व्रत बस्ने बर्तालुहरूले बेलुकी अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्ने छठ पर्वको मुख्य विधि रहेको छ।

ऐतिहासिक ग्रन्थ महाभारत अनुसार अज्ञातवासका क्रममा द्रौपदीसहित पाण्डवहरूले गुप्तवास सफल होस् भनी सूर्यदेवको आराधना गरेको उल्लेख पाइन्छ। सोही कालदेखि छठ पर्वको परम्परा सुरु भएको मान्यता रहिआएको छ। त्यसैगरी सूर्य पुराण अनुसार अत्रि ऋषिकी पत्नी अनुसूया सर्वप्रथम छठ व्रत गरेकी बताइन्छ, जसको फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन्।

सूर्यलाई संसारका सबै भौतिक तथा जैविक अस्तित्वहरूको मूल स्रोत मानिन्छ। सूर्यको किरणबिनाबाट वनस्पति, जीवजन्तु तथा मानवी जीवन असम्भव हुने जनविश्वास छ। सूर्यकिरण चिकित्सा सम्बन्धी विभिन्न ग्रन्थहरूमा सूर्यको प्रकाशले कठिन रोगसमेत निको हुने उल्लेख छ।

साम्ब पुराण अनुसार श्रीकृष्णका पुत्र साम्बले कुष्ठरोगबाट मुक्ति पाउन सूर्यदेवको कठोर तपस्या गरेपछि रोग मुक्त हुन सफल भएको उल्लेख छ। त्यसैले छठमा व्रत गरे दुःख, दरिद्रता र रोगबाट मुक्ति मिल्ने जनआस्था छ। बर्तालुले चढाउने झुप्पा-झुप्पा फल अर्पण सूर्यदेव प्रसन्नताको प्रतीक मानिन्छ।

छठ व्रत बस्न नसक्नेहरूले अर्का व्रतधारीकाबाट कामना पूरा गराउने प्रचलन पनि छ। आर्थिक अवस्था कमजोर भएकाहरूले समेत भिक्षा मागेर भए पनि छठ पर्व श्रद्धापूर्वक मनाउने गर्दछन्।

शव्यापी रूपमा मनाइने राष्ट्रिय पर्वको स्वरूप लिएको छ। राज्यले छठ पर्वमा सार्वजनिक बिदा दिने व्यवस्था पुनः कार्यान्वयन गरिरहेको छ।

राजधानीमा गुह्येश्वरी, गौरीघाट, कमलपोखरी, वागमती, विष्णुमती, नख्खु लगायत नदी किनार तथा जलाशयहरूमा विशेष सजावट र व्यवस्थापन गरिएको छ। बर्तालुहरूले चतुर्थीदेखि नै लसुन-प्याजलगायत तामसी पदार्थ त्यागी चोखो सात्विक भोजन सेवन गर्दै अत्यन्त पवित्रता र श्रद्धासहित यो पर्व मनाउने परम्परा रहिआएको छ।





पत्रिकारिताका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### माटोको स्वाधीनताका लागि अबको सङ्घर्ष

नेपालको कृषि क्षेत्र हरेक वर्ष रासायनिक मल र हाइब्रिड बिउको अभावसँगै संकटमा पर्छ । सरकार बसेनि २० अर्बभन्दा बढी अनुदानसहित रासायनिक मल आयातमा खर्च गर्छ, तर किसानको हात खाली रहन्छ । यो खर्च माटो, स्वास्थ्य र भविष्यमाथिको घातक लगानी हो । रासायनिक मलले माटोको प्राङ्गारिक पदार्थ नष्ट गरी बाँझो बनाइरहेको छ भने हाइब्रिड बिउले किसानको परम्परागत अधिकार खोसेको छ ।

अब सरकारले परनिर्भर नीति त्याग्दै स्थानीय रैथाने बिउ र प्राङ्गारिक मल उत्पादनमा लगानी गर्नुपर्छ। प्रत्येक स्थानीय तहमा प्राङ्गारिक कृषि केन्द्र स्थापना गरी माटो परीक्षण, जैविक मल उत्पादन र बजार व्यवस्थापनमा अनुदान प्रयोग गर्नुपर्छ । किसानले पनि आत्मघाती मागहरू त्यागी “माटो जोगाऊँ, मल आफैं बनाऊँ” अभियानलाई आत्मसात् गर्नुपर्छ ।

उपभोक्ताले सस्तो तर विषालु उत्पादनको बहिष्कार र प्राङ्गारिक वस्तुको उचित मूल्य तिर्ने संकल्प लिन जरुरी छ । अबको आन्दोलन मलका लागि होइन–माटोको स्वाधीनता, आत्मनिर्भर कृषि र स्वस्थ पुस्ताका लागि हुनुपर्छ । यही बाटोले मात्र हाम्रो माटो, स्वास्थ्य र भविष्यलाई बचाउन सक्छ ।

**विषादीयुक्त तरकारी र फलफुल सेवनबाट बच्न जनहितमा जारी सन्देश**

फलफुल तथा तरकारीमा विषादी सजिलै छुट्याउन त गाह्रो हुन्छ । यसको मापन गर्न यन्त्र उपकरणको आवश्यकता पर्छ । तर पनि तरकारी तथा फलफुल किन्दा केही सावधानी अपनाएको खण्डमा विषादीबाट यसरी बच्न सकिन्छ ।

- चिल्लो देखिने तरकारी तथा फलफुललाई बहिष्कार गर्ने ।
- आईलिएको जस्तो या किरा फट्याङ्ग्राले खाएको जस्तो किन्ने ।
- खोट नभएको भन्दा पनि कतै खोट भएको किन्ने ।
- सागपातमा प्वाल परेको जस्तो किन्ने ।
- सकभर मौसम अनुसार फल्ने फलफुल र तरकारीको मात्र सेवन गर्ने ।
- अर्गानिक र ताजा फलफुल र तरकारी किन्ने ।
- विषादी जन्य खाद्यान्नलाई बहिष्कार गर्ने ।
- विषादी युक्त फलफुल र तरकारी भान्सामा नै भित्रिएको अवस्थामा ।
- सामान्य तरीका भनेको राम्ररी धुने, पखाल्ने नै हो । तर थोरपखाली गर्दा समेत विषादी नजान सक्छ, त्यसैले अधिका मात्रामा रहेको विषादी हटाउन नुनपानीको प्रयोग गर्न सकिन्छ ।
- यदि नुनपानि नराख्ने भए सफापानिमा रातभर भिजाउने र बिहान राम्रोसँग पखाल्ने गर्यो भने धेरै हदसम्म बाहिरी भागमा रहेको विषादी जान्छ । उपभोक्ता आफै सचेत भई आफ्नो स्वास्थ्यको विषादीयुक्त फलफुल र तरकारी खानु पर्छ ।

**कृषी ज्ञान केन्द्र महोत्तरी**
**जलेश्वर,महोत्तरी**

# ‘पढ्न र लेख्न जानेपछि संसार जितेको महसुस हुन्छ’

• टक नेपाल

जिल्लाको तिरहुँत गाउँपालिका-३, पिप्राहीका सदा (मुसहर) मुसहर समुदायका महिलाहरू साक्षर बन्न उत्साहित छन् । स्थानीय महिलाहरू समय निकालेर स-साना छोराछोरीसहित घुम्टो ओढेर पढ्न लेख्नका लागि स्थानीय सामुदायिक सिकाइ केन्द्र जाने गरेका छन् ।

स्थानीय ३० वर्षीया रेखाकुमारी सदा दिनभरि घरको काममा व्यस्त भए पनि दिउँसो एक बजेदेखि ३ बजेसम्म दुई छोराछोरीसहित पढ्न, लेख्न दिनहुँ सामुदायिक सिकाई केन्द्र आउने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, “सानैदेखि पढ्ने रहर थियो । हाम्रो समुदायको कसैको छोराछोरी पढ्दैनथे । पढ्न सकिन अर्काले किताब पढेको,आफ्नो नाम लेखेको देख्दा रहर लाग्थ्यो । अहिले नाम लेख्न जानिसके सामान्य पढ्न जानेपछि संसार जिते जस्तो लागेको छ ।“

६ महिना देखि साढे तीन वर्षसम्मको दुई जना छोराछोरीहरूले पनि यहाँ आएर सरफाइमा बस्न र पोषण युक्त पोषिलो खानेकुरा खान पाएपछि हामीलाई के चाहिन्छ ? हाम्रो अवस्था र समस्या प्रति ध्यानाकर्षण गर्दै यति सहयोग गरेर नयाँ जीवन दिनुहुने नेपाल युथ फाउन्डेसन नेपाललाई उहाँले धन्यवाद दिनुभयो ।

त्यस्तै सोही ठाउँकी ३३ वर्षिया बुच्चीकुमारी सदा सामुदायिक केन्द्रमा पढ्न आएदेखि शिक्षाको महत्त्व र शिक्षाले संसार जित्न सक्छ भन्ने सिकाई भएको बताउनुभयो । उहाँले भन्नुभयो, म मात्र नभएर समुदायका हाम्रो उमेरका अधिकांश महिलाहरू क्यौ काम छोडेर पढ्नका लागि दिनहुँ समय दिने गरेका छन् । वडाका अधिकांश मुसहर परिवारका बुहारीहरू पढ्न पाएकोमा खुसी भएको उहाँहरूले बताउनुभयो ।

यस गाउँपालिका-३, पिप्राही र गोइठीका २५-२५ जना गरी ५० जना महिलाहरू सामुदायिक केन्द्रमा पठनपाठन गर्दै आएको नेपाल युथ फाउन्डेसनका कार्यक्रम संयोजक ललित गहतराजले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “महिला साक्षरता बनाउने, विद्यालय बाहिर रहेका किशोरीहरूका लागि साक्षरता कक्षा सञ्चालन गरेर पुनः विद्यालय पठाउन, विद्यालयका एसइई दिने विद्यार्थीलाई ट्युसन कक्षा,६ महिना देखि साँढे ३ वर्षसम्मका बालबालिकालाई पोषण सरसफाइ र मनोरञ्जनको कार्यक्रम, आमालाई समूहमा आबद्ध गराइ बचत गर्ने बानी बसाउने मुख्य ५ वटा काम सामुदायिक सिकाइ केन्द्रमार्फत यस संस्थाले गर्दै आएको छ ।“

दलित समुदायमा पनि पछाडि परेका मुसहर समुदायलाई प्राथमिकतामा राखेर यी कार्यक्रमहरू सञ्चालन गर्दै आएपछि महिलाहरू साक्षर बन्न एकदमै उत्सुक भएर सहभागी भएको उहाँले बताउनुभयो । महिला साक्षरता कार्यक्रममा सहभागी भएका अधिकांश महिलाहरू आफ्नो नाम लेख्न र सामान्य पढ्न लेख्न जानिसकेको उहाँले बताउनुभयो ।





















# जितेन्द्र सोनलका पाँच मुख्य चुनौती, दुई ठुला प्रतिपक्षीको डरैडर

● टक नेपाल

भदौ २३ र २४ गतेको आन्दोलनले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वको सरकार बनेको छ। कार्की नेतृत्वको सरकार बने पनि मधेस प्रदेशबाहेक अन्त त्यसको असर परेको छैन, अन्यथा संघ सरकारको उतारचढावको मारमा प्रदेश परिसक्थ्यो, प्रदेश प्रमुखदेखि मुख्यमन्त्री नै फेरिन्थे।

तर यसपटक मधेस प्रदेशमा मात्र त्यसको असर देखिएको छ, मुख्यमन्त्री सतिश सिंहले कुर्सी छाडेपछि लोकतान्त्रिक समाजवादी पार्टीका उपाध्यक्ष एवं प्रदेश सभा सदस्य जितेन्द्र सोनल आसिन छन्।

जेनजी आन्दोलनका क्रममा मुख्यमन्त्री पदबाट राजीनामा दिएर पछि फेरि आनाकानी गरेका सिंहलाई पार्टीले फिर्ता बोलाएको थियो। आन्दोलनको समयमा चीनमा रहेका जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले उतैबाट मुख्यमन्त्री र संघका सांसदहरूलाई सामूहिक राजीनामा गर्न निर्देशन दिएका थिए, आफूले पनि सांसद पदबाट राजीनामा दिएका थिए।

अध्यक्ष राउतकै निर्देशनका आधारमा तत्कालीन मुख्यमन्त्री सिंहले आफ्नो पदबाट फेसबुकमार्फत राजीनामा दिएका थिए, तर पछि आफूले राजीनामा नदिएको अडान कसेका थिए।



उनले उक्त राजीनामालाई 'परस्थितिवश' भन्दै पछि मुख्यमन्त्रीको कुर्सी छाड्न मानेनन्, तर पार्टीले नै पत्र लेखेर उनलाई दबाब दियो। पार्टीले आफ्नै नेतृत्वको सरकारबाट समर्थन पनि फिर्ता लियो। साथै अर्को सरकार बनाउन नेपाली कांग्रेस र एमालेलाई समर्थन गऱ्यो र सिंहले बाध्य भएर राजीनामा दिनुपऱ्यो।

त्यसपछि लोसपा नेपालबाट सोनल मुख्यमन्त्रीमा नियुक्त भएका छन्। असोज २९ गते सपथ लिएका सोनल अहिले चाडपर्वमा व्यस्त छन्, उनले सपथग्रहण गर्नेबित्तिकै चाडपर्वको मौसम सुरु भएको थियो। छठसम्म सार्वजनिक बिदा नै छ।

छठपछि उनी मन्त्रपरिषद् विस्तारको तयारीमा छन्, साथै विश्वासको मत लिने प्रक्रियामा पनि।

जेनजी आन्दोलनका कारण सत्ता प्राप्त गरेका सोनलसामु चुनौतीका चाङ छन्। उनलाई कस्ता र के के चुनौती छन् ? आउनुस् चर्चा गरौं।

दुई ठुला प्रतिपक्ष

मुख्यमन्त्री सोनलका लागि सबभन्दा मुख्य चुनौती प्रतिपक्ष दल हुन्। उनी नेतृत्वको सरकारको प्रतिपक्षमा देशका सबभन्दा ठुला दल कांग्रेस र एमाले नै छन्। मधेस प्रदेशमा एमालेका २३ र कांग्रेसका २२ सांसद छन्।

अर्को सरकार बनाउन उनीहरूलाई १० जना भए पुग्छ। ती थप १० संख्या पुऱ्याउन 'जे पनि गर्न तयार' एमाले र कांग्रेसको चलखेल सोनल मुख्यमन्त्री भएकै दिनबाट सुरु भइसकेको छ। तर लोसपा नेपालका एक पदाधिकारी भन्छन्, 'सरकारलाई कांग्रेसले पनि विश्वासको मत दिन्छ, त्यसका लागि कुराकानी भइरहेको छ।'

कांग्रेसले विश्वासको मत दिए सोनल नेतृत्वको सरकार झन बलियो हुन्छ तर मुखमै आइसकेको सरकार प्राप्त गर्न नसक्दा कांग्रेस रुष्ट छ।

अहिले पनि कांग्रेस र एमाले जनमत पार्टीका सांसदहरूको सम्पर्कमा छन्। कांग्रेस र एमालेको गठबन्धन रहिरहे अगामी दिनमा सोनललाई भारी पर्न सक्ने विश्लेषण भइरहेको छ।

अर्कोतिर प्रदेश सभाका सभामुख र प्रदेश प्रमुख एमालेका छन्। मौकामा उनीहरूले सोनललाई साथ दिँदैनन् भने चर्चा पनि मधेस प्रदेशमा छ।

जेनजी आन्दोलन

देशमा जेनजी आन्दोलनको रापताप रहेको बेला सोनल नेतृत्वको सरकार बनेको हो। भ्रष्टाचार समाप्त गरी सुशासन कायम गर्ने मुख्य नारा जेनजी पुस्ताले लगाएको थियो। मधेस प्रदेश विगतदेखि भ्रष्टाचारका लागि बदनाम छ। विगतमा पनि मधेस प्रदेशका मुख्यमन्त्री, मन्त्री, सचिवहरू भ्रष्टाचारमा मुछिएका अनेक घटना छन्।

भ्रष्टाचारका मामिलामा मधेस प्रदेश सरकारको विगत त्यति राम्रो नभएको कारण सोनल सरकारका लागि यो पनि मुख्य चुनौती बन्न सक्छ। जेनजी पुस्ताले हरेक ठाउँमा यसको लागि खबरदारी गरिरहेका छन्, हरेक ठाउँमा जेनजी पुस्ताहरू नजर जमाएर बसेका छन्।

अहिले संघीय सरकारले धेरै ठाउँमा खर्च कटौती गरेको अवस्था छ, मन्त्री पनि कटौती गरिएका छन्। यसको प्रभाव प्रदेशमा पनि परेको छ। स्थानीय तथा प्रदेश सरकारले पनि धमाधम खर्च कटौती गर्न थालेका छन्। अस्थायी तथा करारका कर्मचारीहरू हटाउन थालेका छन्। यस अवस्थामा नवनियुक्त मुख्यमन्त्रीलाई समस्या उत्पन्न हुन सक्छ।

मधेस प्रदेशमा पाँच दलको सरकार छ। यस्तोमा दल अझै थपिने सम्भावना छ। ती सबै दललाई मन्त्री चाहिन्छ, नेता कार्यकर्तालाई सेटलमेन्ट चाहिन्छ। यी सबै व्यवस्थापन गर्ने चुनौती सोनल सरकारसामु छ।

पाँच दलको सरकार

सोनल सरकार पाँच दल मिलेर बन्नु पनि ठुलो चुनौती हो। पाँच दलमध्ये कुनै पनि दलले समर्थन फिर्ता लिनेबित्तिकै सरकार ढल्ने निश्चित छ, किनकि सरकारसँग पर्याप्त बहुमत छैन। जनस्वराज पार्टीका सांसद जोड्ने हो भने सोनलसँग ५६ जना साथमा छन्। सरकार बनाउन ५४ जना सांसद चाहिन्छ।

जसअनुसार जसपा नेपाल (१९), जनमत (१३), माओवादी केन्द्र (९), लोसपा नेपाल (८) र नेकपा (एस) (७)को समर्थनमा यो सरकार बनेको हो। यी सबै दललाई चित्त बुझाएर राख्नुपर्ने सोनलसँग उत्तिकै चुनौती हुन्छ।

कमजोर दल

लोसपा नेपाल आफैमा सांगठनिक रूपमा कमजोर छ। यसको केन्द्रमा नेताहरू भए पनि तल्लो संगठन ज्यादै कमजोर छ। संगठनका सम्पूर्ण संरचना हालसम्म बन्न सकेका छैनन्, महाधिवेशन निश्चित छैन। प्रदेश, जिल्ला तथा स्थानीय तहमा अधिवेशनसमेत भएको छैन। प्रदेश, जिल्ला तथा स्थानीय तहमा संगठन बनाइएका छैनन्।

यहाँसम्म कि भातृ संगठनको अवस्था पनि त्यस्तै छ, भातृ संगठनले पनि पूर्णता पाएको छैन। प्रदेशमा लोसपाका आठ जना सांसद भए पनि २०७९ को चुनावबाट राष्ट्रिय पार्टी बन्न सकेन। यस्तो अवस्थामा सोनल मुख्यमन्त्रीको जिम्मेवारीमा छन्।

प्रदेशको अधिकार

मधेस प्रदेश मात्र होइन, अन्य बाँकी प्रदेश पनि अधिकार सम्पन्न छैनन्। निजामती कर्मचारी तथा सुरक्षा अंगलाई प्रदेश सरकारले चलाउन सकेको छैन। सचिव तथा अन्य कर्मचारी संघ मातहत हुन्छन्, प्रदेश सरकारलाई जानकारी नै नदिई जतिबेला मन लाग्छ कर्मचारी सरुवा गरिदिन सक्छ।

त्यस्तै सीडीओ तथा प्रहरी प्रशासन पनि प्रदेश सरकार मातहत छैनन्, जसका कारण प्रदेश सरकारलाई शान्ति सुव्यवस्था कायम गर्न गाह्रो भइरहेको छ।







## छठमा चढाइने कृषिजन्य.......

अनुगमन टोली यतिखेर कतै भेटिदैन। यसले छठ पर्वमा अत्यधिक नाफा लिन खोज्ने व्यापारीहरु को लागि राम्रो अवसर पाए जस्तो भएको छ।

स्थानीय किसानहरू भने निराश छन्। सप्तरीको तिलाठी, हनुमाननगर, कोशीटप्पु आसपासका क्षेत्रका किसानहरूका अनुसार असिनापात र लगातारको वर्षाले फूलकोबी, भण्टा, लौकालगायत बालीमा ठूलो क्षति पुऱ्याएको छ। किसान रामेश्वर यादव भन्छन्, "तरकारी बेचेर छठको खर्च चलाउने सोच थियो, तर यस वर्ष बाली नै नष्ट भयो। अब बजारमा उपभोक्ताले महँगो तिरेर खानुपर्ने भयो।"

मूल्यवृद्धिका बाबजुद बजारमा किनमेलको चहलपहल भने बढ्दै गएको छ। नहाय-खाय विधि सम्पन्न भएसँगै ब्रतालुहरू प्रसादका सामग्री खरिदमा व्यस्त देखिन्छन्। बजारमा लौका, फूलकोबी, मूला, अदुवा, केरा, उखु, नरिवल लगायतका वस्तुको माग अत्यधिक छ।

राजविराजसहित सप्तरीका सबै प्रमुख बजार अहिले "छठ विशेष बजार" बनेका छन्। व्यापारी र उपभोक्ता दुवैलाई मूल्यले तातो बनाएको भए पनि, श्रद्धा र विश्वासको यो पर्वको तयारी उत्साहका साथ भइरहेको देखिन्छ।







- विज्ञापन गानुपेमा
- ९८६३३२११४
- ९८०८७८२११४
- दसैं तिहारमा विशेष छुट

छठसँगै

# खुसी आउँछ डोम समुदायमा



● टक नेपाल

मधेशमा अति विपन्न र अल्पसङ्ख्यक जातिको सूचीमा पर्छन् । गरिबी र विपन्नताका कारण ज्याला मजदुरी गरेर जीविका चलाउने यस समुदायका विपन्न परिवारका लागि सधैँ आम्दानीको अवसर जुट्दैन ।

दैनिक ज्याला मजदुरी गरेर जीविका चलाउने यस समुदायलाई प्रायः हातमुख जोर्नकै समस्या भोग्न बाध्य हुन्छन् । डोम समुदाय मात्र होइन, मधेशका मुसहर, चमार, हल्खोरलगायतका समुदायलाई पनि समस्या भोग्न बाध्य छन् ।

तर यति खेर उनिहरुको मुखमा खुशीयाली छाएको छ । छठपर्व सुरु भएसँगै डोम समुदायमा खुशियाली छाएको छ । बाँस र बेतका चोया बनाउने व्यस्ततासँगै उनीहरुमा खुशियाली देखिएको हो । यद्यपि, संस्कृतिले नै डोम समुदायको सम्मान गरेको छ । उनीहरुले बनाएका बाँसका सामग्री सबैजसो सांस्कृतिक र धार्मिक काममा प्रयोग हुन्छ ।

यो समुदायले बेत बाँसबाट बनाउने विभिन्न सामग्री बेचेर राम्रो आम्दानी गर्न सफल भएका छन् । अहिले बजारमा आपूर्ति गर्न भ्याइनभ्याई भएको गौशाला नगरपालिकाका मंजय मलिकले बताउनुभयो । गाँसबाँस र कपासकै जोरजाममा हम्मेहम्मे पर्ने गरेकोमा यो पर्व आउनासाथ कात्तिक महिनाभर आफ्ना जीवनका हरेक दुःख बिर्सेर मीठो मसिनो खाने र राम्रो लगाउने शौभाग्य मिल्ने गरेको सञ्जयले बताउनुभयो ।

औरही नगरपालिका-१ औरहीका ५० वर्षीय ईन्दल मलिक भन्नुहुन्छ, "समय बदलियो, हाम्रा मौलिक कामको मूल्य छैन । गर्नेले त अरु काम गरिरहेकै छन् तर अधिकांशले हातमुख जोर्ने समस्याबाटै गज्रिनु परिरहेको छ ।'' उहाँ चाडपर्वका बेला भने आफूहरूको सीपले महत्त्व पाउने गरेको सुनाउनुहुन्छ । छठ पर्व नजिकिँदै जाँदा बाँस र बेतका चोयाबाट डालो, नाङ्लो र टपरी बनाउन डोम समुदायलाई अहिले भ्याइनभ्याई रहेको मलिकको भनाइ छ । "सधैँ के खाने, के लाउने भन्ने चिन्ता हुन्छ तर छठ पर्व हाम्रा लागि खुसी बोकेर आउँछ । चुल्हो बल्छ, बालबालिकाका सामान्य आवश्यकता पूरा गरिदिँदा मुहारमा हाँसो आउँछ, हाम्रो मनमा उल्लास'', उहाँले भन्नुभयो ।

दीपावली लगत्तै सुरु हुने छठ पर्वलाई लक्षित गरी महोत्तरीसहित मधेशका डोम समुदाय बाँसजन्य पूजाका सामग्री बनाउन व्यस्त हुन्छन् । यसबेला पुर्ख्यौली पेसाले काम पाउँछ, सामानले बजार ।

तराई मधेशवासी हिन्दू धर्मावलम्बीहरूको महान् पर्व छठ पर्वले गर्दा महोत्तरीका डोम समुदाय बाँस र बेतका चोयाबाट सामग्री बनाउन व्यस्त छन् । यतिबेला उनीहरूले यही सामग्री बेचेर राम्रो आम्दानी गरिरहेका छन् । महोत्तरी, धुनषामा करिब पन्ध्रलाख जनसङ्ख्या रहेकामा तीमध्ये करिब ७५ प्रतिशतले छठ पर्व मनाउने गरेकाले डोम समुदायले प्रत्येक छठमा बाँस र बेतका सामग्री बेचेर घरखर्च टार्दै आएका छन् ।

छठ मनाउने प्रत्येक परिवारले बाँस र बेतका नयाँ सामग्रीले पर्व मनाउनुपर्ने भएकाले आफूहरूले छठ पर्वका बेला यस्ता सामग्री बनाएर राम्रो आम्दानी गर्ने गरेको गौशाला नगरपालिका वडा ५ गौशालाकी ६० वर्षीया सबिता मलिकले बताउनुभयो ।

औरही नगरपालिका ६ बैरियाका राजेन्द्र मलिकले गाँस, बास र कपास कै जोरजाममा अल्झिनुपर्ने बाध्यताका बीच आउने छठ पर्वले कात्तिक महिनाभर दुःख बिर्सेर मीठोमसिनो खाने र राम्रो लगाउने अवसर समेत ल्याउने गरेको बताउनुभयो । "अरु बेला त फेरि उही समस्या हुन्छ तर एकाध महिना भए पनि कामका लागि भौतारिनुपर्दैन । काम भएपछि दाम र माम त हुने नै भयो'', उहाँले भन्नुभयो ।

छठ पर्व मनाउने प्रत्येकले छठ माता तथा सूर्यदेवतालाई बाँस र बेतबाट नै निर्माण गरिएको डालो, नाङ्लो र टालु टपरीमा अर्घ्य दिने चलन छ । प्रत्येक परिवारमा पाँच/सात वटा बाँसका भाँडाकुँडा किन्नुपर्ने भएकाले अहिले सो समुदायको आम्दानी राम्रो हुने गरेको छ । अहिले यस समुदाय महोत्तरी लगायत विभिन्न ठाउँमा डालो, नाङ्लो र टालु टपरीलगायत सामान बिक्रीमा व्यस्त देखिएका छन् ।

छठमा चढाइने कृषिजन्य

# तरकारी तेब्बरमा बिक्री, छैन अनुगमन

● टक नेपाल



छठ पर्वमा प्रसादको रूपमा प्रयोग हुने तरकारीजन्य उत्पादनहरूको मूल्य तेब्बरले वृद्धि भएको छ। सामान्य दिनको तुलनामा छठमा चढाइने लौका, फूलकोबी, भण्टा, मूला र फर्सी तेब्बर दरमा बिक्री भइरहेको उपभोक्ता डोमन साह बताउनुहुन्छ ।

तरकारी व्यापारीहरूका अनुसार पछिल्लो समयमा परेको लगातार भारी वर्षाले स्थानीय बाली नष्ट गरेपछि बजारमा तरकारीको आपूर्ति घटेको छ। यही कारण मूल्यमा तीव्र वृद्धि भएको हो।

राजविराजका किसान रामचन्द्र महतो भन्छन्, "यो वर्ष वर्षाको कारण लौका, भण्टा, फूलकोबी जस्ता मौसमी बाली लगभग सखाप भयो। केही मात्र जोगाउन सकेका छौं, त्यसैले मूल्य बढ्नु स्वाभाविक हो।"

यता व्यापारी रामु साहले भन्नुभयो, "स्थानीय उत्पादन नपुग्दा हामी बाहिरी जिल्लाबाट तरकारी ल्याउँछौं। सुनसरीको इनरुवा, धनुषाको ढल्केबर, सर्लाहीको लालबन्दी, उदयपुरको गाईघाट र मकवानपुरको हेटौंडाबाट ढुवानी गर्दा भाडा, मजदुरी र पेट्रोल खर्च धेरै पर्छ। त्यसैले महँगोमा बेच्न बाध्य छौं।"

हाल बजारमा लौका प्रति थान २५० देखि ३५० रुपियाँ, भण्टा प्रति किलो १४० रुपियाँ, फूलकोबी प्रति किलो १८० रुपियाँ, मूला प्रति किलो ११० रुपियाँ र फर्सी प्रति किलो ८० रुपियाँमा बिक्री भइरहेको छ। यो मूल्य अन्य दिनको तुलनामा तेब्बर मात्र होइन, कतिपय वस्तुमा चार गुणासम्म वृद्धि भएको उपभोक्ताहरू बताउँछन्।

राजविराजकी गृहिणी सुनीतादेवी मण्डल भन्छिन्, "छठमा प्रसाद चढाउनका लागि लौका र फूलकोबी चाहिन्छ। तर बजारमा गएर हेर्दा मूल्य सुनेरै छक्क पर्‍यौं। परिवारका सबै सदस्यको लागि प्रसाद तयार गर्न मात्र हजारौं खर्च पर्छ।"

यता, चाडबाडमा लक्षित बजार

बाकी पृष्ठ २.....

शुभकामना
नेपालीहरुको महान चाड शुभ दिपावली तथा छठ पर्व २०८२ को शुभ अवसरमा शुभचिन्तक साथै सम्पूर्ण -नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, समृद्धि र स्वच्छ वातावरणयुक्त जीवन तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजकिशोर साह
प्रमुख
यातायात व्यवस्था सेवा कार्यालय
महोत्तरी, मधेश प्रदेश
यातायात व्यवस्था सेवा कार्यालय बर्दिबास

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल
☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न विभागहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कृष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014